# धनौजी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को लागि
# १५औं गाउँ सभा

# नीति तथा कार्यक्रम

मिति : २०८३/०३/१० गते बुधवार

प्रस्तुतकर्ता
**राज कुमार साह**
गा.पा. अध्यक्ष

CamScanner

धनौजी गा.पा. अध्यक्ष श्री राज कुमार साहज्यूको अध्यक्षतामा देहायका सभासदहरुका उपस्थितिमा १५ औ गाउँसभाको बैठक आज मिति २०८२\ ०३ \ १० गते यस धनौजी गाउँपालिकाको सभाहलमा बैठक बसियो ।

<u>उपस्थितिहरु</u>

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राज कुमार साह | अध्यक्ष | |
| २ | रामवति देवि मण्डल | उपाध्यक्ष | |
| ३ | श्याम किशोर साह | सभासद | |
| ४ | उदय कुमार साह | सभासद | |
| ५ | राम नारायन यादव | सभासद | |
| ६ | राम सोभित मण्डल | सभासद | |
| ७ | याकुव कवारी | सभासद | |
| ८ | अनिता महरा | सभासद | |
| ९ | मन्जु देवी | सभासद | |
| १० | मिना देवी | सभासद | |
| ११ | रेखा कुमारी पंडित | सभासद | |
| १३ | शिवदेव पंडित | सभासद | |
| १४ | अमना खातुन | सभासद | |
| १५ | अलि महोमद नदाफ | सभासद | |
| १६ | दिनेश मुखिया | सभासद | |
| १७ | नागेन्द्र प्रसाद साह | सभासद | |

CamScanner

| | | | |
|---|---|---|---|
| १८ | प्रमशिला देवी | सभासद | प्रमशिला |
| १९ | मोहन साह | सभासद | |
| २० | रविन्द्र राउत | सभासद | |
| २१ | राम अषिश यादव | सभासद | |
| २२ | राम प्रमोद मण्डल | सभासद | |
| २३ | राम रिखि देवि | सभासद | |
| २४ | रोशन कुमार मिश्र | सभासद | |
| २५ | रोहित मुखिया | सभासद | |
| २६ | विभा कुमारी | सभासद | |
| २७ | विष्णुदेव मण्डल | सभासद | |
| २८ | सन्जु कुमारी मण्डल | सभासद | |
| २९ | ~~बिभा~~ देवि पासवान<br>श्यामा | सभासद | |
| ३० | राज कुमार दास | सदस्य सचिव | |

# "हामी सबैको एउटै चाहना, समृद्ध र शिक्षित धनौजी गाउँपालिकाको कामना"

धनौजी गाउँपालिका, धनौजी , धनुषाको १५ औं गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

सभाका प्रमुख अतिथि श्रीमान जिल्ला समन्वय समिति प्रमुख श्री राज नन्दन मंडल ज्यू

विशिष्ठ अतिथि श्रीमान प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद लुइटेल ज्यू

विशिष्ठ अतिथि श्रीमान प्रहरी उपरीक्षक श्री रुपेश कुमार खडका ज्यू

प्रमुख प्रशासकिय अधिकृत एवं गाउ सभाका सचिब श्री राजकुमार दास ज्यू

वडाध्यक्ष ज्यूहरु

कार्यपालिका सदस्य ज्यूहरु

वडा सदस्य ज्यूहरु

सुरक्षाकर्मी ज्युहरु

नेविल वैक धनौजीका प्रमुख एवं प्रतिनिधी ज्यु

धनौजी गाउँपालिका र अन्तरगत कार्यरत कर्मचारी शिक्षक ज्यूहरु

पत्रकार साथीहरु

उपस्थित सम्पुर्ण महानुभाव ज्युहरु लगायत

आम गाउवासी आमा, बुवा, दाजु, भाई तथा दिदी बहिनीहरु

नेपाली जनताको चाहना अनुरुप नेपालको संविधान-२०७२ ले संघिय गणतान्त्रिक मुलुक नेपालको संघिय संरचना बमोजिम स्थानीय सरकारको रुपमा स्थापित यस धनौजी गाउँपालिकाको १५ औ गाउँ सभाको यो गरिमामय वैठकमा धनौजी गाउँपालिकाको अध्यक्षको हैसियतले तपाई सम्पूर्ण सभाका सदस्य ज्यूहरु,लगायत उपस्थित आम नगरवासी आमा, बुवा, दाजु, भाई तथा दिदी बहिनीहरुलाई स्वागत गर्न पाउँदा अति नै हर्षित भएको छु । यसै सन्दर्भमा नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ मा भएको व्यवस्था अनुरुप नै निर्धारित समयसिमा भित्र रही गाउँपालिका अध्यक्षको हैसियतले धनौजी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा खुशी लागेको छ । यस महत्वपूर्ण घडीमा सर्वप्रथम देश र जनताको लागि सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु साथै मधेशी जनताको हक अधिकारको लागि मधेश आन्दोलनमा बलिदानी दिनुहुने बिर सपुतहरु लगायत २०८२ भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनमा सहादत प्राप्त गर्नु हुने विर शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा सम्वेदना तथा घाइतेहरुको शिघ्र स्वास्थय लाभको कामना गर्न गर्दछु ।

मुलुक सँगै यस धनौजी गाउँपालिका पनि संविधान जारी भए पश्चात स्थानीय तहको दोस्रो निर्वाचन पछि हालसम्म संघीयता कार्यान्वयनको दिशा तिर नै अघि बढीरहेको छ । संविधान मार्फत नेपाली जनताका अधिकारहरुलाई संस्थागत गरी जनतालाई अधिकार सम्पन्न तुल्याउन हामी हर पल लागि रहेका छौ, लागी रहने छौं । संविधानले सबै प्रकारका विभेद

र असमानताहरुलाई अन्त्य गरेको छ र जनतालाई संवैधानिक अधिकार सुम्पिएको छ। संविधानको यस भावनालाई मुर्तरुप दिन अब यस धनौजी गाउँपालिकालाई सामाजिक न्याय, समानता र प्रजातान्त्रिक समाजवादको लक्ष्यमा हिडाउने दायित्व हाम्रो काधमा आएको छ। नेपालको संविधानको अनुसुची-८ ले दिएको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय सहितको सम्वृद्धि ल्याउन अविकास, गरीवी र पछौटेपनका विरुद्ध अब हाम्रो लडाई जारी रहने छ। यसका लागि हामी धनौजी गाउँपालिका क्षेत्रका सबै राजनैतिक दल एवम् सरोकारवालाहरुको सवैमा पूर्ण सहयोगको अपेक्षा गर्दछौ।

प्रमुख अतिथि ज्यू, सभासदस्य ज्यूहरु, एवम् नगरवासी महानुभावहरु अब म धनौजी गाउँपालिकाको आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**नीति तथा कार्यक्रमका उदेश्यहरु**

- गा.पा. क्षेत्रको आर्थिक क्रियाकलापलाई पहिलो प्राथमिकतामा राखी अगाडी बढने।
- कृषि तथा पशु उत्पादन र उत्पादकत्व वृद्धी गर्ने।
- अवसरको सृजना, क्षमतामा अभिवृद्धी, चेतनाको विस्तार गरी गाउँ तथा गाउँवासीको स्वाभीमान उच्च राखी मनोवल बढाउने।
- धनौजी गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक स्तरमा सुधार गर्ने।
- धनौजी गाउँपालिकाका जनताको आय स्तरमा सुधार गरी गरीवि न्युनीकरण गर्ने।
- गाउँपालिकाको भौतिक पुर्वाधार निर्माण तर्फ विशेष जोड दिई गाउँपालिकाको विकासको गति वृद्धि गर्ने।
- गाउँवासीको स्वास्थ्यको पूर्ण ख्याल राखी स्वास्थ्य क्षेत्रमा परिवर्तनको महसुस दिलाउने।
- गाउँपालिकाको शासन व्यवस्था संचालनका सम्पूर्ण पुर्वाधारहरु तयार गरी जनतामा सुशासनको पुर्ण प्रत्याभुती दिलाउने।

उपरोक्त उद्देश्यहरु प्राप्तीका लागि विगतमा अंगिकार गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वनको क्रममा प्राप्त भएका अनुभवहरुलाई विर्षन मिल्दैन। वर्तमान नीति निर्माण बाट प्राप्त अनुभव तथा आदर्णिय गाउँवासीहरुको चाहना र राजनैतिक दलका सहकर्मी मित्रहरु,सरकारी गैर सरकारी संघ,संस्था तथा आम जनसमुदायबाट प्राप्त सलाह सुझाव समेतका आधारमा उल्लेखित उद्देश्यहरु परिपुर्ती गर्नका लागि निम्न अनुसारको नीतिहरु अबलम्वन गरिने छ।

**नीतिहरु:**

**१. भौतिक पुर्वाधार**

- यस धनौजी गाउँपालिकाको प्रशासनिक भवन,५ शैयाको आधारभुत अस्पताल,वडा कार्यालयहरुको प्रशासनिक भवन ,विधालयहरु तथा स्वास्थय संस्थाहरुको भवन निर्माण तथा संचालनमा जोड दिईने छ। र गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी बजेट विनियोजन गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गरी सम्पूर्ण वडा कार्यालयहरुबाट जनताहरुलाई दिइने सेवा जनताको घर आँगनमा पुर्याउन प्राथमिकता दिइनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका बाटाघाटा फराकिलो पार्दै वृक्षारोपन गरी धनौजी गाउँपालिकालाई स्वच्छ, सफा, हराबरा बनाइ नमुना गाउँपालिकाको रुपमा विस्तार गरिने छ ।
- फोहोरमैला व्यवस्थापनलाई उच्च ध्यानमा राखी यस गाउँपालिका क्षेत्र भित्र रहेको फोहोरमैला व्यवस्थापनको लागि सुविधा सम्पन्न फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिने छ ।
- यस गाउँपालिका क्षेत्र भित्रका महत्वपूर्ण धार्मिक स्थलहरु पल्टन वावा मन्दिर, सल्हेस मन्दिर, दुर्गा मन्दिर, राजदेवी मन्दिर, रामजानकी मन्दिर, मस्जिद लगायतका पुर्वाधारहरुको संरक्षण संवर्द्धनमा विशेष ध्यान दिइने छ ।
- यस गाउँपालिका क्षेत्र भित्रका हाटबजारहरुलाई आधुनिकिकरण गरी व्यवस्थित बनाइने छ ।
- पशुबद्धशाला, स्वच्छ माछा, मासु पसल निर्माण गर्न आवश्यक सहकार्य गरिने छ ।
- गत आर्थिक वर्षमा शुरु भई पुरा हुन बाँकी रहेका अधुरा महत्वपूर्ण योजनाहरुको बाँकी निर्माण कार्य चालु आ.ब. मा पुरा गर्ने लक्ष्य लिइएको छ । साथै विगतका अधुरा योजनाहरुलाइ सम्पन्न गर्न गराउन पहल गरिनेछ ।
- वालमैत्री विद्यालय र वालमैत्री वडा निर्माणको अभियानलाई अगाडी बढाइने छ ।
- महिला तथा युवामैत्री नीतिलाई पालना गरिने छ ।
- वेरोजगार युवाहरुलाई रोजगारको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वेरोजगार युवाहरुलाई रोजगारीको अवसर सृजना गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पुर्ण सडकहरुको स्तरोन्नती गरी सडक संजालको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र भवन एवम संरचनाहरु निर्माणमा आवश्यक कानुनी मापदण्डलाई पुर्ण रुपले पालना गराई भवन निर्माण कार्य गर्दा घर नक्सा पासलाई कडाइका साथ यस आ.ब. बाट लागु गराइने छ ।
- गाउँवासीलाई स्वच्छ सफा खानेपानीका लागि दातृ निकायहरु सँग सहकार्य गरिने छ साथै यस गाउँपालिका क्षेत्रभित्र जडान भएका चापाकल,वोर्डङ्ग,इनारको पानीको परीक्षण गरिनेछ ।
- विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन र निरिक्षण प्रणालीलाई प्रभावकारी बनाइने छ ।
- खेती योग्य जग्गाहरुको पहिचान गरी कृषि उत्पादनमा आधुनीकिकरण गर्दै लगिने छ ।
- बढी लागत लाग्ने सार्वजनिक सरोकारका महत्वपूर्ण ठुला आयोजनाहरु संचालनका लागि प्रदेश सरकार, केन्द्र सरकार तथा अन्य दातृ निकायहरुसँग समन्वय, सहकार्य गरी आवश्यक बजेट व्यवस्थापनमा ध्यान दिइने छ ।
- सार्वजनिक सम्पती सडक जग्गा वन पाखा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने तथा घेराबेरा गर्ने कार्यलाई कानुनी रुपमा दण्डित गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरुमा लागत सहभागिता जन्य आयोजनाहरुलाई पहिलो प्राथमिकता दिइने छ ।



CamScanner

- एक स्थानीय तह एक औद्योगित ग्राम स्थापनाको लागि नेपाल सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिने छ।
- गाउँपालिका क्षेत्रभित्रका गौरबका सडक तथा आर्थिक केन्द्र जोड्ने सडकहरुलाई बाह्रै महिना संचालनमा आउने गरी स्तरोन्नतीको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ।
- उज्यालो गाउँपालिका बनाउने अभियान अन्तर्गत नगर भित्रका मुख्य मुख्य सार्वजनिक स्थलहरुमा (प्रतिक्षालय, देवस्थल, कार्यालय, सडक ,आदि )स्ट्रीट लाइट, सौर्य सडक बत्ती तथा हाइमास्क लाइट जडान गरिने छ। गत विगतमा जडान भएका हाइ मास्क लाइट र सौर्य सडक वतीको मर्मत सम्भार गरिनेछ।

## २. स्वास्थ्य

- ५ शैय्याको आधारभुत अस्पतालको लागी भवन निर्माणको कार्य प्रक्रिया अगाडी बढाइने छ।
- हाल विश्वमा फैलिरहेको विभिन्न माहामारी रोगहरुको रोकथाम तथा नियन्त्रका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार लगायतका कार्यलाई पहिलो प्राथमिकतामा राखी आवश्यक बजेटको व्यवस्था गरिने छ।
- स्वास्थ्य क्षेत्रमा कार्य गर्ने महिला स्वास्थ्य स्वयम सेविकाहरुले गरेको सेवाको उच्च मुल्याङ्कन गर्दै निजहरुलाई प्रोत्साहन गरिने छ ।
- यस गाउँपालिका भित्र आव २०८३/८४ मा कम्तीमा दुइवटा स्वास्थय संस्थावाट सुत्केरी तथा सुरक्षित गर्भपतन सेवाको शुरुवात गरी जटिल सुत्केरी लगायत अन्य सिकिस्त विरामीहरुलाई जिल्ला सदरमुकाम स्थित सुविधा समपन्न अस्पताल सम्म पुर्याउन यस गाउँपालिकावाट एम्वुलेन्स सेवालाइ प्रभावकरी वनाइनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको सेवा विस्तार गरी निकट भविष्यमा डिजिटल एक्सरे तथा ल्याव परीक्षण प्रभावकारी रुपमा संचालनमा ल्याइने छ।
- गाउँपालिका क्षेत्रभित्र त्रैमासिक रुपमा विशेषज्ञ सहितको चिकित्सक सेवा संचालनको लागी स्वास्थय शिविरको आयोजना गरिनेछ।
- भिटामिन ए कार्यक्रम, एच.आइ.भि. एड्स, आमा सुरक्षा कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम र अन्य खोप कार्यक्रम लगायतका वार्षिक कार्यक्रमलाई अनुगमन निरिक्षण गरी प्रभावकारी रुपमा संचालन गरिने छ ।
- गाउँपालिका स्थित स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन नदिने गरी बजेट विनियोजन गरिने छ।
- विपन्न नागरिकहरुलाई विभिन्न रोगहरु जस्तै क्यान्सर, मुटुरोग, मृगौला रोग, सिकल सेल, अन्जेमर, पाडकीन्सन, हेड इन्जुरी, स्पेनल कार्ड इन्जुरीमा दिइने निःशुल्क सेवाहरुको सिफारिस सम्बन्धीत निकायमा छिटो छरितो माध्यमले दिने कार्य गरिने छ। जेष्ठ नागरिक तथा सुत्केरी महिलाहरुको लागी नियमित रुपमा स्वास्थय परीक्षणको व्यवस्था मिलाइनेछ।



CamScanner

- नेपाल सरकारले लागु गरेको स्वास्थ्य विमा कार्यक्रमबाट यस धनौजी गाउँबासीहरुले बढी भन्दा बढी लाभ प्राप्त गर्न प्रभावकारी रुपमा कार्यान्वयनका लागि बिशेष जोड दिई विपन्न सामुदायका नागरिकहरुको पहुँच बढाउन आवश्यक व्यवस्थापन गरिने छ।
- ज्येष्ठ नागरिक (७० बर्ष भन्दा माथि) तथा सुत्केरी महिलाहरुका लागि उपचारको लागि घरबाट जिल्ला सदरमुकाम स्थित अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा संचालनमा ल्याइने छ।
- बहु क्षेत्रिय पोषण कार्यक्रम योजना लाई प्रभावकारी रुपमा विशेष कार्यक्रम सचालन गर्दै आगामी ५ वर्ष भित्र यस गाउँपालिकालाई पुर्ण पोषणयुक्त गाउँपालिका घोषणा गरिने छ।
- जेष्ठ नागरिकहरुलाइ नियमित रुपमा घरमै आधारभुत स्वास्थय सेवा प्रदान गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ

## ३. पर्यटन, संस्कृति तथा वातावरण

- धनौजी गाउँपालिका क्षेत्र भित्र पर्यटकीय स्थलहरुको रुपमा रहेको मठ मन्दिरहरुको स्तरोन्नती गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको संरक्षण सम्बर्धन गरी खाली रहेका जग्गाहरुमा आवश्यकता अनुसार वृक्षारोपन गरी पर्यटकीय केन्द्रको रुपमा विकास गरिने छ ।
- यस गाउँपालिका क्षेत्र भित्र उद्योग संचालन गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ र स्थापित उद्योग तथा व्यवसायहरुलाई वातावरणमैत्री स्थानीय शासनको नीति अनुरुप सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिने छ।
- धार्मिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान गरी उक्त क्षेत्रलाई संरक्षण गरी पर्यटकीय क्षेत्रको रुपमा प्रचार प्रसार गरिने छ।
- धनौजी वासिहरुको सुविधालाइ ध्यानमा राखी न्युन शुल्कमा धनौजी देखी जनकपुरसम्म सुलभ रुपमा आवत जावत गर्नको लागी अगामी आवदेखी धनौजी यातायात वस सेवा संचालनमा ल्याइनेछ।
- एक गाउँ अनेक उद्यान कार्यक्रम संचालन गर्न पहल तथा सहकार्य गरिने छ।
- जलवायु परिवर्तनको प्रभावलाई न्युनीकरण गर्न सरोकारवालहरु सँग समन्वय, सहकार्य गरी ठोस कार्यक्रम संचालन गरिने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका बाझो, प्रती सार्वजनिक जग्गाहरुमा जिल्ला वन कार्यालय सँग समन्वय सहकार्य गरी उक्त जग्गामा वृक्षा रोपन गरी हरीत गाउँपालिका निर्माण गरिने छ।
- योजना छनौट तथा संचालन गर्दा वातावरण मैत्री बनाउने नीति लिइने छ।



CamScanner

- यस गाउँपालिका क्षेत्र भित्र संचालित उद्योग, कल कारखाना, होटल व्यवसाय लगायतका क्षेत्रमा बालमैत्री योजना अनुरुप उक्त क्षेत्रमा बालमजदुर लगाउने कार्यलाई कडाइका साथ अनुगमन गरी बाल श्रम शोषन पुर्ण रुपमा अन्तर गरिने छ।
- धनौजी गाउँपालिकालाइ हरित गाउँपालिका निर्माण गर्न कृषकहरुलाइ निशुल्क विभिन्न प्रजातको फलफुल तरकारीको बिरुवा निशुल्क वितरण गरिनेछ।

४. **फोहोरमैला व्यवस्थापन**

- धनौजी गाउँपालिकामा सुविधा सम्पन्न डम्पीङ्ग साईड(फोहोरमैला व्यवस्थापन केन्द्र) संचालन गर्न चालु आ.ब.मा निकट अन्य पालिकासँग समन्वय गरी जग्गा व्यवस्था गर्न पहल गरिने छ।
- गाउँघर, आँगन, बाटोघाटो, टोल सफा राख्नका लागि नियमित सरसफाइ गर्ने पद्धतीको विकास गरिने छ र यसको नेत्रित्व सम्बन्धीत वडा समिति/टोल समिति लाई दिइने छ।
- यस धनौजी गाउँपालिका अन्तर्गत रहेका मुख्य क्षेत्रहरु धनौजी बजार, ,कटैया/रामजानको चौक , झोझी बजार, भडरिया बजार, बहुअर्वा बजार तथा लखौरी बजारहरुवाट संकलन हुने फोहोरहरुको उचित व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ र सरसफाइको लागी सरसफाइकर्मी परिचालन गरिनेछ।
- घरधुरी तहमा फोहोर वर्गीकरण तथा कम्पोस्ट मल बनाउने तालिम प्रदान गरिने छ।
- दैनिक फोहोर संकलन हुने स्थानहरुमा निश्कासन हुने फोहोरमैला व्यवस्थापनको लागि आवश्यक कानुन निर्माण गरी शुल्क लिने व्यवस्था गरिने छ।
- "सरसफाई लगानी हो" अभियानलाई तिव्रता दिइने छ।
- यस गाउँपालिका क्षेत्र भित्र मुख्य बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइ सार्वजनिक शौचालय निर्माण कार्य प्रारम्भ गरिनेछ।
- सरसफाई सम्बन्धि काम गर्ने छुटै शाखाको स्थापना गरी गाउँपालिका क्षेत्रको सरसफाईलाई प्राथमिकताका साथ अगाडी बढाईने छ।
- पशु तथा चौपायाहरु वाटो घाटोमा खुला रुपमा छाडने परिपाटीको अन्तय गरिने छ। साथै गाउँपालिकाको उक्त व्यवस्थालाई उलंघन गरेमा कानुन अनुसार कारवाहीको लागि सम्बन्धीत वडा समितिलाई जिम्मेवारी दिइने छ।

५. **कृषि तथा पशु विकास:**

- "हर खेतमे पानी, हर हातमे काम" लाइ सार्थक वनाउन विभिन्न सरकारी गैर सरकारी संघ संस्थासँग समन्वय सहकार्य गरी यस गाउँपालिका क्षेत्र भित्रका सम्पुर्ण खेति योग्य जग्गामा सिचाईको व्यवस्था मिलाईने छ।
- यस गाउँपालिका क्षेत्रमा फलफुल,मौसमी/वेमौसमी तरकारी,नगदे वाली उत्पादनलाइ प्राथमिकतामा राखि पकेट कार्यक्रमको रुपमा अगाडी बढाउन आवश्यक बजेटको व्यवस्थापन गरिने छ।



CamScanner

- कृषि विकासका लागि पकेट क्षेत्रको पहिचान गरी व्यवसायीक खेती, नगदेवाली एवम उच्च सम्भावनायुक्त तरकारी तथा फलफुल खेतीलाई प्रोत्साहन गरिने छ।
- यस नगर क्षेत्र भित्र गरिदै आएको नगदेवाली तरकारी तथा फलफुल खेतीको पहिचान गरी उक्त क्षेत्रका कृषकहरु लाई आधुनीकी खेती सम्बन्धी चेतना मुलक तालिमको आयोजना तथा माटोको परीक्षण कार्य गरी कृषि उत्पादन बढाउने तर्फ जोड दिइने छ।
- कृषि जन्य उत्पादनको उचित मुल्य निर्धारणको संयन्त्र बनाइ कृषकहरुले उत्पादन गरेको अन, फलफुल तथा तरकारीको उचित मुल्य कायम गरी कृषकलाई प्रोत्साहन गरिने छ।
- किसानहरुले उत्पादन गरेको कृषि वालीको विमामा किसानको पहुच सहज बनाउन आवश्यक व्यवस्था गरिने छ।
- खेती योग्य जमिन बाझो राख्न नहुने हुँदा बाझो रहेका जमिन अभियानको रुपमा खेती योग्य कार्यमा प्रयोगमा ल्याइने छ।
- अतिविपन्न गरिव परिवारहरुको पहिचान गरी यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजि जग्गाहरुमा सामुहिक तरकारी खेती कार्यक्रम संचालन गरिने छ।
- कृषि पाठशाला कार्यक्रम संचालन गर्न पहल गरिने छ।
- कृषि सहकारीहरुको पहिचान गरी सहकारी संस्थाहरुलाई उत्पादन शिल क्षेत्रमा क्रियाशिल हुन प्रोत्साहन गरिने छ।
- यस गाउँपालिका क्षेत्र भित्र पशुहरुको प्रभावकारी उपचार लागि आवश्यक व्यवस्था मिलाइने छ।
- पशु आहार विकास कार्यक्रम तथा नश्ल सुधारका लागि कृतिम गर्बाधान कार्यक्रम संचालन गरिने छ।
- आधुनिक कृत्रिम गर्भाधान कार्यक्रम मार्फत नश्ल सुधार गरी पशुजन्य उत्पादनमा बृद्धि गरिने छ।
- व्यवसायिक पशु फाराम प्रवर्धन कार्यक्रम संचालन र व्यवसाय दर्ता प्रक्रियालाई व्यवस्थित गरिने छ।
- कृषकहरुको पहिचान गरी कृषकहरुलाई समूहगत रुपमा दर्ता गराई सामुहिक कृषिमा प्रोत्साहन गरिने छ।
- पलास्टीक पोखरी निर्माण कार्यमा जोड दिइने छ।
- धनौजी गाउँपालिकालाई तरकारी, फलफुल, माछा मासु र अण्डामा आत्म निर्भर बनाइने छ।
- पशु स्वास्थ्य नियमित कार्यक्रम र पशु औषधी खोप तथा पशु विमा कार्य लाई प्राथमिकता दिइ विधिवत पशुपालन गर्ने कृषकहरुलाइ पशु विमा गर्न उचित अनुदानको व्यवस्था मिलाइनेछ।
- सिचाइको लागि विद्युतिकरण, डिप बोर्डिङ्ग, स्यालो टुवेल, कुलो, नहर निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- गाई, भैसी पालन व्यवसायमा जोड दिइ दुध उत्पादनमा वृद्धी गरी दुध संकलन केन्द्र स्थापन गर्न प्रोत्साहन गरिने छ
- बाख्रापालन व्यवसायलाई प्रबर्द्धन गर्ने कार्यक्रम संचालन गरिने छ।
- एक वडा एक कृषि तथा पशुसेवा प्राविधिकहरुको व्यवस्था गरिने छ।

- बेरोजगार युवाहरुको समूह गठन गरी सामुहिक रुपमा कृषि तथा पशु व्यवसाय संचालनको लागि समूह गठन गरी आएमा निजहरुलाई आवश्यक पर्ने बजेट तथा पुर्वाधारको लागि आवश्यक सहयोग गरिने छ।
- व्यवसायिक रुपमा पशु पालन कृषकहरुलाई प्रोत्साहनका लागि आवश्यक पर्ने कृषि औजार, उपकरण तथा उनन्त विउ विजन र मल खाद्यको उचित वितरण व्यवस्थापन गरिने छ।

## ६. शिक्षा

- यस गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा कक्षा १ मा शत प्रतिशत भर्ना दर पुर्याइने छ र विद्यालयमा वालवालिकालाई टिकाई राख्न विशेष कार्यक्रमहरु संचालन गरिने छ।
- सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर सुधारमा जोड दिइने छ।
- सार्वजनिक विद्यालयहरुमा अध्ययनरत प्रारम्भिक बालविकास देखि कक्षा ६ सम्मका सम्पूर्ण बिद्यार्थीहरुलाई नियमितरुपमा बिद्यालयमा खुवाईने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी वनाइनेछ। साथै उक्त दिवा खाजा नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप भए नभएको नियमित अनुगमन गरीने छ।
- विद्यालयहरुको भौतिक पूर्वाधार एवम विद्यार्थी अनुपातमा शिक्षकहरुको आवश्यक व्यवस्थापन भए नभएको अध्ययन गरी व्यवस्थापन गर्नुपर्ने भए गाउँपालिकावाट बजेट व्यस्थापन गरी स्वयंसेवक शिक्षक पदपुर्ती कार्यविधि वनाइ सोही वमोजिम व्यस्थापन गरिनेछ।
- निजि क्षेत्रबाट संचालित विद्यालयहरुले अनिवार्य रुपमा सामाजिक दायित्व पुरा गर्दै गरीब एवम जेहेनदार वालवालिकाहरुलाई छात्रवृती दिनु पर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागु गराइने छ।
- विद्यार्थीको चाप एवम दुरीको आधारमा विद्यालयहरुको स्तर उन्नती गर्ने नीति अबलम्बन गरिने छ। एक वडा एक मा.वि. विद्यालयको अवधारणा लाई कार्यान्वयन गर्ने नीतिलाई सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गरिने छ।
- माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षालाई जोड दिइने छ।
- विद्यालयहरुको वार्षिक उपलब्धी, अतिरिक्त क्रियाकलाप संचालनको अवस्था, अनुशासन, सरसफाई, फुलवारी आदीको व्यवस्थापनको आधारमा श्रोत उपलब्ध गराउने नीति लिइने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको उपस्थिती तथा शिक्षाको गुणस्तर सुधार गर्न आव २०८३/८४ को पहिलो त्रैमासिकमा भित्र सम्पूर्ण विद्यालयमा विद्युतिय हाजिरी प्रणालीको जडान गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा डिजिटल माध्यमले पठन पाठनको व्यवस्थ मिलाइने छ साथै पहिलो चरणमा मा.वि.विधालयहरुलाइ उक्त कार्यको लागी एक थानका दरले स्मार्ट वोड उपलब्ध गराइ सोही माध्यमवाट कक्षा संचालनको शुरुवात गरिनेछ। अगामी आवमा थप स्मार्ट वोर्डको व्यवस्था मिलाइनेछ।

- गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुसँग आवश्यक समन्वय गरी अनाथ, टुहुरा, गरीब, जेहेन्दार, पिछडिएका बर्ग, बिपन्न तथा अपाङ्गता भएका बिद्यार्थीहरुलाई छात्रवृत्ति, पोशाक र शैक्षिक सामग्री बितरण कार्यको लागि आवश्यक पहल गरिने छ।
- यस गाउँपालिका क्षेत्रभित्र रहेका प्रारम्भिक बालविकास केन्द्रहरुलाई उचित व्यवस्थापन गरी उत्कृष्ट कार्य सम्पादन गरिने बाल शिक्षा केन्द्रलाई नमुना बालविकास केन्द्रको रुपमा बिकास गरी उक्त बालविकास केन्द्रलाई पुरस्कृत गरिने छ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि नेपाल सरकारबाट निःशुल्क रुपमा प्रदान गरिने सेनेटरी प्याड बितरण कार्यलाई निरनतरता दिई उक्त कार्यको नियमित अनुगमन गरीने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक बिद्यालयहरुमा अध्ययनरत बिद्यार्थी अनुपातमा आवश्यक्ता भन्दा बढी वा घटी शिक्षकहरुको दरबन्दी मिलान गरिने साथै शिक्षक समायोजनको नीति अगाडी बढाईने छ।
- निजि क्षेत्रबाट संचालित विद्यालयहरुले प्रदान गर्ने शिक्षाको गुणस्तर एवम सामाजिक दायित्वका सम्बन्धमा अनुगमन मुल्याङ्कन गरिने छ।
- शिक्षाको जगको रुपमा रहेको वाल विकास केन्द्रलाइ थप प्रभावकारी वनाउन आवश्यकतानुसार थप वाल विकास सहजकर्ताको व्यवस्थापन गरिनेछ।
- शिक्षा क्षेत्रमा गुणस्तरीयता मापनको लागी गाउँपालिकावाट आवश्यकतानुसार गुणस्तर मापन परीक्षा संचालन गरिनेछ।

**७. सामाजिक विकास**

- सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत प्रदान गरिने सामाजिक सुरक्षा भत्ता रकम वितरण बैंकिङ्ग प्रणालीबाट भइरहेकोमा उक्त बितरण प्रणालीलाई बैंक मार्फत वडा स्तरबाट बितरण गर्ने व्यवस्था मिलाउन वैकसँग समन्वय सहकार्य गरिनेछ ।
- वेरोजगार युवाहरुलाई लक्षीत गरी स्वरोजगार बनाउन आवश्यक सिपमुलक तालिमहरुको व्यवस्था गरिने छ।
- गाउँपालिका क्षेत्रको सबै भौगोलिक अवस्था, जनसंख्या, जात जाती, भाषा, धर्म संस्कृतिको स्पष्ट वर्गीकृत तथ्याङ्क आउने गरी गाउँपालिकाको पाश्र्वचित्र (डिजिटल नगर प्रोफाइल) निर्माण गरिने छ।
- अपाङ्ग भएका व्यक्तिहरुलाई सेवामा प्राथमिकता दिई निजहरुले लिने सिफारिस लगायतका सेवाहरु निशुल्क उपलब्ध गराइने छ साथै अपाङ्गता परिचय पत्र वितरण कार्ड वडा स्तरबाट उपलब्ध गराउने प्रक्रिया अगाडी बढाइने छ।
- "अनुशासन र स्वास्थ्यका लागि खेलकुद" भन्ने नीतिलाई अभियानको रुपमा संचालन गर्दै यस गाउँपालिकावाट खेलकुद सम्बन्धी क्रियाकलापहरुको विकास गरिने छ साथै उत्कृष्ठ खेलाडीहरु पहिचान एवं वर्गिकृत प्रोत्साहन गरिनेछ।
- यस धनौजी गाउँपालिका क्षेत्रमा उपयुक्त स्थानमा जेष्ठ नागरिक विश्राम स्थल निर्माण कार्यको लागी पहल गरिनेछ

- ज्येष्ठ नागरिकहरुको लागि सामुहिक मनोरन्जन, भेटघाट, छलफल तथा अन्तर क्रियाकलापका लागि बजेटको विनियोजन गरिने छ।
- समाजमा अपहेलित संरक्षण विहिन जेष्ठ नागरिकहरुको संरक्षण संरक्षणको लागी आवश्यक पहल गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका अल्पसंख्यक विपन्न दलित, आदीवासी जनजाती, मुसलिम, अपाङ्ग, पिछिडिएको वर्ग, जेष्ठनागरिक, मधेशी लगायतका समुदायको जीवन स्तरमा सुधार गरी सीपमुलक आयआर्जन गरी आत्म निर्भर बनाउने कार्यक्रमहरु संचालन गरिने छ।
- नेपाल सरकारले निर्धारण गरेको लक्षित समूहहरुको जिवन स्तर सुधारका लागि समुदाय लक्षित कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।
- यस धनौजी गाउँपालिकालाई कार्यक्षेत्रलाई बनाई बिभिन्न सामाजिक कार्यक्रम संचालन गरिरहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्यको नीतिलाई अवलम्बन गरी दुईपक्षिय साक्षेदारीमा कार्यक्रमहरु संचालन गरिने छ।
- यस धनौजी गाउँपालिकावाट प्रदान गरिने सीपमुलक तालिमवाट प्राप्त प्रमाण पत्र पेश गरी व्यवसाय संचालन गर्न गाउँपालिकामा व्यवसाय दर्ता गर्दा निशुल्क दर्ता गरिनेछ। व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ।
- यस धनौजी गाउँपालिका भित्र रहेका सार्वजनिक ऐलानी प्रति जग्गाहरुको तथ्याङ्क संकलन गरी उक्त जग्गाहरुको अभिलेख राखिने छ।
- यस धनौजी गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक बाटोघाटो, ऐलानी प्रति जग्गा अतिक्रमण गर्ने तथा विकास निर्माण काममा अवरोध सृजना गरी धाकधम्की देखाउने तथा प्रचलित कानूनको उल्लंघन गर्ने व्यक्तिलाई गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाबाट बन्चीत गर्न सकिने छ।
- निकट पालिकासँग समन्वय एवं सहकार्य गरी संयुक्त रुपमा वारुणयन्त्र खरिद गरी संचालन गर्न पहल गरिनेछ।
- मानव स्वास्थयलाइ ध्यानमा राखी गाउँपालिका क्षेत्र भरिमा ठुलो आवाजमा बजाउने डिजे वाजालाइ पुर्ण रुपमा निषेध गरिनेछ।
- सपोर्ट नेपालद्वारा यस गाउँपालिकामा संचालित नेपालमा शान्तीपुर्ण र समावेशी समुदायका लागी सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**८. महिला तथा वालवालिका**

- वालमैत्री स्थानीय शासन अबलम्बन गरी यस गाउँपालिकाका वडा तह हुदै गाउँपालिकालाई वालमैत्री गाउँपालिका घोषणा गर्न प्रभावकारी रुपमा कार्यक्रम संचालन गरिने छ।
- वालमैत्रि स्थानीय शासन संस्थागत गर्न वडा स्तरमा रहेका वाल कलवहरुलाई सक्रिय गराइने छ।
- यस धनौजी गाउँपालिकामा हुने घरेलु हिंसा, बाल शोषण, वाल विवाह, वालश्रम, दाइजो प्रथा अन्त गर्न वडा स्तरमा गठन भएको बाल संजाल तथा आमा समुहहरुलाई आवश्यक पर्ने तालिम, गोष्टीका माध्यमबाट सक्रिय



CamScanner

बनाई अभियानको रुपमा संचालन गरिने छ। गठन नभएको वडामा वाल समुल/युवा संजाल/महिला संजाल गठन गरिनेछ।

- हाल यस धनौजी गाउँपालिकालाई वालमैत्रि तथा महिला मैत्री गाउँपालिका घोषणा अभियानमा संचालन गरिने कार्यक्रमहरुमा विभिन्न दातृ निकायहरुसँग समन्वय र सहकार्य गरी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ।
- हिंसा पिडित महिला तथा वालवालिकाहरुको लागि महिला तथा वालवालिका पुर्नः स्थापना केन्द्र संचालनको लागी पहल गरिनेछ।
- एकल महिलाहरुको सिप, क्षमता र संस्थागत क्षमता अभिवृद्धीका लागि ठोस नीति ल्याइने छ।
- घरेलु हिंसा विरुद्धको ऐन र राष्ट्रिय कार्ययोजना २०६६ अनुसार लैङ्गिक हिंसा विरुद्ध गाउँपालिकामा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।
- लक्षित महिलाहरुका लागि आय मुलक तथा शिप मुलक तालिमहरुको आयोजना गरिने छ।
- लैङ्गिक हिंसा पिडित महिलाहरुको उत्थान तथा जिवन स्तर सुधारका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी संचालनमा ल्याइने छ।
- यस धनौजी गाउँपालिका तथा विभिन्न संघ संस्थाहरुको साझेदारीमा हिंसा पिडित महिलाहरुका लागि परामर्श तथा पैरवी सेवा प्रदान गरिने छ।
- "सिप सिकौ, उद्यमी बनौ" भन्ने नारालाई सार्थक पार्न एकल महिला, हिंसा पिडित महिला, दलित तथा विपन्न महिलाहरुको समुह गठन गरी बिभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी सामुहिक रुपमा सिप विकास तालिमहरु संचालन गरिने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका अनाथ, टुहुरा,सहिद परिवारका बालबालिका तथा हिंसा पिडित महिलाहरुलाई आश्रय प्रदान गरी निजहरुको भरण पोषणको लागि छुट्टै अनाथालय स्थापनाको लागी पहल गरिनेछ।
- २० वर्ष उमेर पुरा भइ अविवाहित छोरीहरुलाइ शिक्षा तर्फ जोड दिने आमा वुवालाइ सम्मान सहित छोरीलाइ शैक्षिक प्रोत्साहन गरिनेछ।

## ९. आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली

- आन्तरिक आयको वृद्धी तथा दिगो विकासका लागि कर प्रणालीलाई बैज्ञानिक कर प्रणाली अवलम्बन गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र भिन्न भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यक्तीहरुलाई गाउँपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गरी आफ्नो व्यवसाय संचालन गर्न पाइने नियम कडाइका साथ लागु गरिने छ।
- यस गाउँपालिकालाई तिर्न बाकी बक्यौता रकमहरु असुलमा कडाइ गरिने छ।



CamScanner

- गत विगतमा महालेखा परीक्षकवाट कायम भएका असुल उपर गरिने प्रकृतीका वेरुजु रकम असुल गरी वेरुजु फर्छयौट कार्यलाइ प्राथमिकताका साथ अगाडी बढाउनुका साथै नियमित र सम्परीक्षण गर्नुपर्ने वेरुजुलाइ समेत फर्छयौट गर्न समेत प्राथमिकता दिइनेछ ।
- पेश्की लिइ फर्छयौट नगरेका पेश्की रकमको सन्दर्भमा निरीक्षण,अनुगमन, परीक्षण गरी गराइ फर्छयौट कार्यलाइ प्राथमिकता दिइनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पोखरी, हाटबजार आदिको पहिचान गरी आन्तरिक आम्दानी बढाउने नीति लिएको छ ।
- पुञ्जीगत लगानीलाई आयमुलक योजनाहरुमा लक्षित गरिने छ र दिगो आय दिन खालका आयमुलक योजनाहरुलाई प्राथमिकताका साथ संचालन गर्ने नीति लिएको छ ।
- सम्पती कर भित्र यस गाउँपालिकाका सबै करदाताहरुलाई समावेश गरी आर्थिक रुपमा सक्षम बनाउने उदेश्यका साथ सम्पती कर लागु गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग, कलकारखाना तथा व्यपार व्यवसायलाई करको दायरामा कडाइका साथ ल्याइने छ ।
- राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको पक्षेपन र कर शुल्कको दर रेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभावकारी बनाइने छ ।
- हाल राजश्व संकलन कार्य सबै वडा तहमा विद्युतीय प्रणालीबाट भई रहेकोमा उक्त कर संकल्न प्रणालीलाई अझ बढी प्रभावकारी र पारदर्शी बनाइने छ ।
- कर प्रणालीमा समावेशी सिद्धान्तलाई आत्मसात गर्दै महिलाको नाममा व्यवसाय दर्ता गरी संचालन गर्ने व्यक्तिलाई करमा बिशेष छुटको व्यवस्था गरिने छ ।
- यस धनौजी गाउँपालिकाको वित्तिय प्रशासन सुधारका लागि व्यवसायिक दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व संकलन सम्बन्धि चालु आवमा अध्ययन गरी राजस्व सुधार योजना अनारत न्युनतम करका दरमा राजश्व संकलन गर्न करका दायरा फराकिलो बनाइने छ ।

**१०.सुशासन र पारदर्शिता**

- First come first serve system नीति अवलम्बनस गर्दै नागरिकहरलाई मुस्कान सहितको सेवा दिने नीति कार्यान्वयन गरिने छ ।
- सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्न सरोकारवालाहरुसँग छलफल गरी प्राप्त सल्लाहसुझाव अनुसार सेवा प्रभालाई चुस्त दुरुस्त बनाउदै लगिने छ ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवम सार्वजनिक सुनवाई जस्ता कार्यक्रमहरु आवश्यकतानुसार संचालन गरिनेछ ।



CamScanner

- सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरिनेछ ।
- प्रत्येक आयोजनाको आयोजना स्थलमा सार्वजनिक सूचना पाटीको व्यवस्था गरी आयोजना सम्बन्धी आवश्यक सूचनाको पहुच जनस्तरमा पुऱ्याई योजनाको विश्वसनियता कायम गरिने छ ।
- सार्वजनिक संस्था एवम् स्थानहरुको शान्ति सुरक्षा र सडक दुर्घटना समेतलाई ध्यानमा राख्दै यस धनौजी गाउँपालिकाको उपयुक्त क्षेत्रहरुमा आवश्यक्ता अनुसार सिसिटिभि जडान कार्य दिईने छ ।
- गापा, वडा कार्यालय तथा विषयगत कार्यालयहरुबाट प्रदान गर्दै आइरहेको सेवा सुविधाका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरु सँग अन्तरक्रिया गरी आवश्यक सलाह सुझाव लिई सेवा चुस्त दुरुस्त गर्दै लगिने छ ।
- विकास तथा सुशासनका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि, मापदण्ड, मार्गदर्शन जस्ता आवश्यक कानुनहरु कार्यान्वयनको प्रभावकारिताको सम्बन्धमा अध्ययन गरी आवश्यक्ताका आधारमा विगतमा निर्माण भएका कानुनहरु संशोधन तथा नयाँ निर्माण गरिने छ ।
- यस धनौजी गाउँपालिकाबाट सम्पादन हुने कार्य सँग सम्बन्धित तथ्याङ्कहरुलाई एकिकृत गर्दै व्यवस्थित रुपमा अभिलेखिकरण गरिने छ ।
- सरकारी, सार्वजनिक, सामुदायिक, गुठी र बाझो जग्गाको उचित व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरिने छ ।
- यस कार्यालयको सूचना प्रणालीलाई एकिकृत गरी व्यवस्थित गर्न सामुहिक सूचना केन्द्रको संस्थागत विकास, डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिने छ ।
- यस धनौजी गाउँपालिकाबाट संपादित कार्यको पार्दर्शिता कायम गराउन सार्वजनिक समिक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, बुलेटिन प्रकाशन, कार्ययोजना सहितको भित्तेपात्रो प्रकाशन जस्ता कार्यलाई अगाडी बढाईने छ ।
- गाउँपालिकाको सुरक्षालाई मध्य नजर गर्दै नगर प्रहरी फोर्सको व्यवस्था गरिने छ ।
- यस धनौजी गाउँपालिकाको समग्र विकासका लागि सिमित स्रोत साधनको उपलब्धताका बावजुद नेपाल सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुसँग समन्वय, सहकार्य गरि अगामी दिनहरुमा विकासको गतिलाई जन चाहना अनुरुप पुरा गर्ने लक्ष्य लिइएकोछ ।

**११. संगठन तथा जनशक्ती विकास**

- यस धनौजी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिबेदनलाइ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार परिमार्जन गरिने छ । गाउँपालिका र अन्गतरगतबाट प्रवाह हुने सेवालाइ थप प्रभावकारी एवं चुस्त दुरुस्त बनाउन आवश्यकतानुसार अस्थायी दरबन्दी सृजना गरी कर्मचारी व्यवस्थापन/समायोजन गरिनेछ

- कर्मचारी प्रशासनलाई थप जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त दुरुस्त र गुणस्तरीय बनाउन बिषयगत शाखा र सबै तहका कर्मचारीहरुसँग काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण सहित कार्य सम्पादन सम्झौता गरिनेछ ।
- यस धनौजी गाउँपालिकामा स्वीकृत दरबन्दी भन्दा कम कर्मचारीहरुबाट हाल सम्म कामकाज भई रहेको हुँदा कार्यालय समय भन्दा बढी समय काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न आवश्यकतानुसार प्रोत्साहनको व्यवस्था गरिने छ।
- कर्मचारीहरुको उच्च मनोवल वृद्धिका लागि कर्मचारीहरुको हकहित सम्बन्धित आवश्यक कानुन निर्माण गरिने छ।
- कर्मचारी कल्याण कोष र निवृतिभरण कोषलाई व्यवस्थित गरिने छ।
- यस धनौजी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमहरुको व्यवस्था गरिने छ।
- यस धनौजी गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादनको मुल्याङ्कनको आधारमा पुरस्कृत गर्ने परिपार्टीलाई निरन्तरता दिइने छ ।
- प्रचलित ऐन नियमको परिधि भित्र रही कार्य सम्पादन मुल्याङ्कनको आधारमा कार्यरत कर्मचारीको स्तरवृद्धी बढुवा, प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई प्राथमिकता दिइने छ।
- कर्मचारीहरुको उत्प्रेरणाका लागि आवश्यक पहल गरिने छ।

**अन्तयमा,**

माथी प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयबाट नै **"हामी सबैको एउटै चाहना, समृद्ध र शिक्षित धनौजी गाउँपालिकाको कामना"** भन्ने नारालाई सार्थक पार्न सक्छौ । यसका लागि म सम्बन्धीत सरोकारवाला सबै महानुभावहरुसँग सहयोगको लागि अनुरोध गर्न चाहन्छु । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मुल कर्तव्य र दायित्व गाउँपालिकाको हुनेछ । उल्लेखित नीति तथा कार्यक्रमको परिधि भित्र रहि गाउँपालिकाले अधिक्तम प्रतिफल हाँसिल हुने गरी अगामी आ.ब. २०८३/०८४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा जानकारी गराउदछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सबै क्षेत्र तथा सरोकारवालाहरुबाट पुर्ण सहयोग प्राप्त हुने विश्वास राख्दै अन्तमा आजको यस गरीमामय सभामा उपस्थित भई यस सभाको गरीमा बढाउनु भएकोमा उपस्थित प्रमुख अतिथि,विशिष्ठ अतिथि ज्युहरु लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद ।

**राज कुमार साह**

गा.पा. अध्यक्ष

उल्लेखित नीति तथा कार्यक्रमहरु माथि छलफल एवं विचार विमर्श गर्दा हामीहरु सहमती जनायौ